# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

१ नं. प्रदेश, नेपाल

**करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/०५/२६**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त पत्रानुसार यस गाउँपालिकामा तत्काल सन्चालन हुने ५ वेडको अस्थायी कोभिड अस्पताल सन्चालनको लागि तपशिल बमोजिमका कर्मचारीहरु छिटो प्रकृयाबाट सेवा करारमा राख्नु पर्ने भएकोले प्रचलित कानून अनुसार योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ ( सात) दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व दस्तुर तिरि रसिद सहित आवेदन फारामको ढाँचामा दरखास्त गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| क.सं. | विज्ञापन नं. | पद | संख्या | पारिश्रमिक | नियुक्तिको किसिम | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | ०४/०७७-०७८ | मेडिकल अधिकृत | १ | नेपाल सरकारले सो पदमा तोकेको स्केल बमोजिम मासिक पारिश्रमिक | करार | रु. १०००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तिर्ण भई NMC मा दर्ता भएको हुनुपर्ने |
| २ | ०५/०७७-०७८ | स्टाफ नर्स | २ | नेपाल सरकारले सो पदमा तोकेको स्केल बमोजिम मासिक पारिश्रमिक (जोखिम भत्ता पछि निर्णय भए अनुसार हुने) | करार | रु.५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing कोर्ष उत्तिर्ण भई NNC मा दर्ता भएको हुनुपर्ने |
| ३. | ०६/०७७-०७८ | कार्यालय सहयोगी | १ | नेपाल सरकारले सो पदमा तोकेको स्केल बमोजिम मासिक पारिश्रमिक | करार | रु.३००/- | साक्षर (न्यूनतम कक्षा ८ उत्तीर्ण) |

१. दरखास्त फाराम यस गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. दरखास्त दिने अन्तिम मिति २०७७/०६/०२

३. आवेदन दिने स्थान : गाउँपालिकाको स्वास्थ्य शाखा

४. परीक्षाको किसिम : अन्तरवार्ता ।

५. अन्तरवार्ता मिति : २०७७/०६/०३ (अन्तरवार्ता समय पछि सूचना प्रकाशन गरिनेछ) ।

६. सेवाको अवधि : हाल ३ महिना सम्म हुने । अस्पतालको म्याद थप भएमा करार अवधि बढ्न सक्ने

७. दरखास्त साथ संलग्न हुनु पर्ने कागजातहरु :नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका आवश्यक सबै प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि । सेवा सम्बन्धी तालिम तथा अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि । सबै प्रमाणपत्रको पछाडी आफैले प्रमाणित गरेको हुनुपर्ने ।

नोट : जोखिम भत्ता पछि निर्णय भए अनुसार हुने ।

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत